मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : ११ • पूर्णांक : २१० • वि.सं. २०८० माघ १६ मंगलवार • ने.सं. ११४४ पोहेंलागाः चौथि • 2024 January 30 • पृष्ठ ८ • मूल्य रू. १०।-

राष्ट्रिय सभा सदस्य निर्वाचन सम्पन्न
सत्ता गठबन्धनका उम्मेदवारहरु धेरै विजयी

• **मेरो संवाददाता**

काठमाडौं/यही माघ ११ गते बिहीवार सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनको परिणामको प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गरिएको छ।

राष्ट्रिय सभा निर्वाचनका लागि निर्वाचन आयोगमा १२ वटा दल दर्ता भए पनि ८ वटा दलले मात्रै उम्मेदवारी दर्ता गराएको थियो। जसमध्ये सत्ता गठबन्धनका दलहरु नै धेरै स्थानमा विजयी भएको देखिएको छ। प्राप्त निर्वाचन परिणाम अनुरुप नेपाली काँग्रेस १०, नेकपा (माओवादी केन्द्र) ५, नेकपा (एकीकृत समाजवादी) २ र जनता समाजवादी पार्टी नेपाल एक स्थानमा निर्वाचित भएको छ भने कोशी प्रदेशमा नेकपा (एमाले) एक स्थानमा निर्वाचित भएको छ।

कोशी प्रदेशमा रिक्त दुई समूहमा निर्वाचन भएकोमा महिला तर्फ नेकपा (एमाले) को रुकमिणी कोइराला र अन्य तर्फ नेपाली काँग्रेसको कृष्णप्रसाद सिटौला निर्वाचित भएको छ।

मधेश प्रदेशमा रिक्त दुई समूहमा निर्वाचन भएकोमा महिलातर्फ जनता समाजवादी पार्टी, नेपालको पूजा चौधरी र अन्य तर्फ नेपाली काँग्रेसको आनन्दप्रसाद ढुगाँना निर्वाचित हुनु भएको छ।

बागमती प्रदेशमा रिक्त चार समूह मध्ये महिलातर्फ नेपाली काँग्रेसको बिष्णुदेवी पुडासैनी, दलित तर्फ नेकपा (एकीकृत समाजवादी)को घनश्याम रिजाल, अपागंता भएका व्यक्ति वा अल्पसंख्यक तर्फ नेकपा (माओवादी केन्द्र)को श्रीकृष्णप्रसाद अधिकारी तथा अन्य तर्फ नेपाली काँग्रेसको जितजंग बस्नेत निर्वाचित भएका छन्।

यसैगरी गण्डकी प्रदेशमा प्रदेशमा रिक्त तीन समूह मध्ये महिलातर्फ नेकपा (माओवादी केन्द्र)को मनरुपा शर्मा, अपागंता भएका व्यक्ति वा अल्पसंख्यक तर्फ नेपाली काँग्रेसको पदमबहादुर परियार र अन्य समुदायतर्फ नेपाली काँग्रेसको किरणबाबु श्रेष्ठ निर्वाचित हुनु भएको छ।

लुम्बिनी प्रदेशमा रिक्त दुई समूह मध्ये महिलातर्फ नेपाली काँग्रेसको विष्णुकुमारी सापकोटा र अन्यतर्फ नेकपा (माओवादी केन्द्र) को झक्कुप्रसाद सुवेदी निर्वाचित हुनु भएको छ।

कर्णाली प्रदेशमा रिक्त तीन समूहमा निर्वाचन भएकोमा महिला तर्फ नेकपा (एकीकृत समाजवादी) को सावित्री मल्ल, दलित तर्फ नेकपा (माओवादी केन्द्र) को विष्णुबहादुर विश्वकर्मा र अन्य तर्फ नेपाली काँग्रेस दलको कृष्णबहादुर रोकाया निर्वाचित हुनु भएको छ।

यस्तै सुदुरपश्चिम प्रदेशमा रिक्त तीन समूहमा निर्वाचन भएकोमा महिला तर्फ नेकपा (माओवादी केन्द्र) को रेनु चन्द, अपागंता भएका व्यक्ति वा अल्पसंख्यकतर्फ नेपाली काँग्रेसको नारायणदत्त भट्ट र अन्य तर्फ नेपाली काँग्रेसको बलदेव बोहरा निर्वाचित हुनु भएको छ।

स्वर्ण जितेर फर्किए धावक धर्म

• **मेरो संवाददाता**

काठमाडौं/नेपालका भेट्रान धावक धर्म महर्जनले टाटा मुम्बई म्याराथनमा निर्धारित ४२.१९५ किलोमिटर दूरी २ घण्टा ४७ मिनेट ८ सेकेन्डमा पूरा गरी स्वर्ण पदक जितेका छन्।

उनले पुरुष ५० वर्षमाथि उमेर समूहमा प्रतिस्पर्धा गरेका थिए। उनी मुम्बईमा सम्पन्न म्याराथनमा भाग लिएर बिहीबार स्वदेश फर्किएका छन्।

२२ वडा कार्यालयमा तालाबन्दी

हिरकाजि स्मृति भवन
सुन जलप लगाइएका
• निःशुल्क पार्किङ्ग व्यवस्था गर !
• निरंकुश तानाशाही मेयर बालेन मूर्दाबाद !
• व्यापार र व्यापारीको विस्थापन गर्ने कार्य बन्द गर !
• परम्परागत पुरानो व्यापारिक क्षेत्रको संरक्षण गर !
• स्थानियवासीहरूको अधिकार र सुविधाको पार्किङ्ग
ग्यारेण्टी गर !

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं व्यापारिक क्षेत्र न्यूरोडमा पार्किङ निषेध गरेको विरोध गरिरहेका व्यापारीहरुले काठमाण्डौं महानगरपालिका २२ वडाको कार्यालयमा आइतबार तालाबन्दी गरेको छ।

२२ वडाका अध्यक्षलाई दबाब स्वरुप तालाबन्दी गरेको पिडित पक्षको भनाइ रहेको छ। काठमाडौ महानगरपालिकाले केहि दिन अघिदेखि न्यूरोडमा पार्किङ निषेध गरेसँगै महानगरपालिकाको निर्णय व्यापारीविरुद्ध केन्द्रीत भएको भन्दै सो कार्यको विरोध भएको हो।

व्यवसायीहरुले निःशुल्क पार्किङ्गको व्यवस्था हुनुपर्ने, व्यापार क्षेत्रको संरक्षण हुनुपर्ने माग गर्दै ब्यानरसहित वडा कार्यालयमा तालाबन्दी गरिदिएको थियो।

त्यसैगरि संघर्षरत् व्यापारीहरुले मंगलवार साँझ एक घण्टा ब्ल्याक आउट गर्ने र बुधवार मोटरसाइकल च्याली निकाल्ने र बिहिवार केहि घण्टा बन्द पछि शुक्रवारबाट अनिश्चितकालीन पसल बन्दको कार्यक्रम सार्वजनिक गरेको छ।

न्यूरोड क्षेत्रमा पार्किङ्ग निषेधको घोषणा भएसँगै न्यूरोडका स्थानीय व्यापारीहरुले यसको विरोध गर्दै आएको छ।

कामपाले यही माघ ९ गतेदेखि लागु हुने गरी नयाँ सडकमा पार्किङ्ग हटाउने निर्णय गरेको थियो। यसको विरोधमा माघ ९ गतेबाट नै ब्यापारीहरुले विभिन्न किसिमले विरोध गर्दै आएका छन्। यस क्रममा १० गते न्यूरोड क्षेत्रका पसलहरु आधा दिन बन्द गरी जुद्ध सालिकमा विरोध सभा समेत गरिएको थियो।

पार्किङ्ग निषेधले व्यापार संकुचन हुने र यसले कामपाकै राजस्व संकलनमा समेत धक्का पुग्ने व्यापारीहरुको तर्क रहेको छ।

व्यवसायीहरुले स्थानीय जनप्रतिनिधि, व्यवसायी र संघसंस्थाहरुसँग परामर्श विना नै एकलौटी ढंगले पार्किङ्ग हटाइनुले मनपा निरंकुश बन्न खोजेको आरोप समेत लगाएका छन्।

कामपा २२ वडा अध्यक्ष चिनीकाजी महर्जनले समेत जनताको कुरा नसुनी गरिएको निर्णयका कारण वडा कार्यालयमा तालाबन्दी भएको चुप लागेर हेर्न बाध्य भएको सामाजिक संजालमा लेखेका छन्।

सःसः त्वाःमा खवना रुद्रायणी द्यःभ्वय् सम्पन्न

• **सुनिता महर्जन**

काठमाडौं/खोनाको रुद्रायणी सिकाली देवताको १२ वर्षे जात्राको अवसर पारि किर्तिपुरको ससः त्वाःमा खोकना रुद्रायणी द्यःभोज माघ १३ गते शनिवार सम्पन्न भएको छ।

सिकाली देवताको देवगणहरुलाई सम्मानपछि सर्वसाधारणलाई प्रसादको रुपमा भोजको आयोजना गरिएको थियो।

खोनाबाट रुद्रायणी सिकाली देवीनाचका देवगणहरुलाई कीर्तिपुरको नयाँबजारदेखि बाजागाजाका साथ ससः टोलमा स्वागत गरिएको थियो। त्यहाँ देवगणका सदस्यहरुलाई स्वागत सत्कारपछि भोज खुवाउने कार्य भएको थियो।

भोजमा सहभागी हुनेहरुलाई व्यवस्थित बनाउन पन्ध्र सयको टिकट तोकिएको भोजमा दुई हजार भन्दा बढीले प्रसाद ग्रहण गरेको आयोजकले जनाएको छ।

सो क्रममा नेवार भाषाको चर्चित गित 'अयूलाः लू वया' र 'सचिका चिना'ले माहौल तताएको थियो। सांगीतिक कार्यक्रममा रोजमान महर्जन, निशा देशार, दिपा महर्जन, रत्नशोभा महर्जन, सतीश महर्जन, पवित्र कसाः, निभाः डंगोल, कुमाः सागर, राजेश महर्जन, उजन शाक्य सहितलाई नेवाः कलाकार सम्मानबाट सम्मानित गरिएको थियो।

उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठको समेत विशेष उपस्थिति रहेको कार्यक्रममा ख्यालि जुजु मदनकृष्ण श्रेष्ठ, वरिष्ठ कलाकार सरोज खनाल, वरिष्ठ गायक योगेश्वर अमात्यका साथै नेपाली र नेपालभाषा क्षेत्रका ख्यातिप्राप्त कलाकारहरुको पनि सहभागिता रहेको थियो।

(तस्वीर : नविन सिंह)

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

काठमाडौं र पार्किङ्ग समस्या

काठमाडौं महानगरपालिकाले माघ ९ गतेबाट व्यापारिक क्षेत्रमा पार्किङ्ग निषेध गरेपछि स्थानीय व्यापारीहरु आक्रोशित बनेका छन् भने यसमा जनस्तरबाट मिश्रित प्रतिक्रिया प्राप्त भइरहेको छ। नयाँ सडक क्षेत्र ऐतिहासिक व्यापारिक क्षेत्र हो। ब्यापारकै लागि चिनिएको यो क्षेत्रमा पार्किङ्गको समस्यालाई लिएर समय समयमा चर्चा हुने गरेको छ। महानगरपालिकाले स्थानीय जनप्रतिनिधि र संघसंस्थासँग कुनै छलफल नगरी एकलौटी ढंगबाट पार्किङ्ग निषेधको घोषणा गरेपछि व्यापारीहरुले आफ्नो व्यवसायमाथि नै प्रहार भएको प्रतिक्रिया दिएका छन्।

व्यापारिक क्षेत्रमा उचित पार्किङ्गको व्यवस्था भएमा नै व्यापारले राम्रो गति लिन सक्छ भन्ने कुरामा कसैको दुई मत हुँदैन। तर पार्किङ्गका नाममा भइरहेको ठेक्कापट्टा अनि स्थानीय बासीहरुलाई समेत पार्किङ्गको नाममा चर्को शुल्क उठाउन थालिएपछि त्यस क्षेत्रमा पार्किङ्गको विरोध जनस्तरबाटै हुँदै आएको थियो। अहिले व्यापारीहरुले न्यूरोड क्षेत्रमा व्यवस्थित र निःशुल्क पार्किङ्गको माग गरिरहेको छ। जुन आवश्यक पनि छ। महानगरपालिकाले अहिले धरहरा र पुरानो बसपार्कमा निःशुल्क पार्किङ्गको व्यवस्था गरेको जनाएको छ। तर यी दुई ठाउँको पार्किङ्गले मात्र त्यहाँको आवश्यकता पूर्ति हुने देखिँदैन। व्यवसायी र कर्मचारीहरुकै यातायात साधन राख्नका लागि पनि सो ठाउँ पर्याप्त हुँदैन। व्यापारिक भवनहरुमा बनाइएका पार्किङ्गहरु पहिले सडकमा पार्किङ्गको व्यवस्था हुँदा नै प्रायः भरिभराउ हुने गरेका थिए। यसैले पार्किङ्गको विकल्पका रुपमा प्रस्तुत गरिएका दुई ठाउँले न्यूरोडको आवश्यकता पूर्ति नहुने व्यवसायीहरुको भनाइ रहेको छ।

न्यूरोड क्षेत्रमा पहिले पनि पार्किङ्ग निषेध गरिसकिएको हो। त्यतिबेला पनि व्यापारमा देखिएको ह्रास र स्थानीयबासीको विरोध पछि पुनः पार्किङ्ग सुरु गरिएको थियो। न्यूरोड क्षेत्रमा व्यवस्थित रुपमा एक लाइन मोटरसाइकल मात्र पार्किङ्ग गर्न दिनु उचित नै देखिन्छ। यसले यात्रुलाई पनि खासै असर पारेको देखिँदैन। अर्को कुरा बजार क्षेत्रमा थोरै भिड हुनु स्वभाविक हो। पार्किङ्ग निषेध गरिनु पूर्व जुन जुन स्थानमा पार्किङ्ग गरिएका थिए त्यहाँ पार्किङ्ग गर्दा व्यवसायी र ग्राहक दुवैलाई सजिलो थियो। न्यूरोडका व्यापारीहरुले गरेको आन्दोलनका कार्यक्रमलाई तत्काल रोक्न उनीहरुको मागलाई सहीढंगबाट सम्बोधन गर्नु आवश्यक छ। यसले नै महानगरपालिका जनभावनाप्रति संवेदनशील छ भन्ने देखाउन सहयोग पुऱ्याउनेछ।

नेपालमा कुष्ठरोगको अवस्था

• मेरो साप्ताहिक डेस्क

विश्व कुष्ठरोग दिवस फ्रान्सका प्रसिद्ध मानवतावादी रावल फोलेरियोले कुष्ठरोगको समुचित उपचार गरी निवारण गर्ने, जनचेतनाको माध्यामबाट कुष्ठरोग नियन्त्रण र न्युनिकरण गर्ने तथा कुष्ठ प्रभावितहरु प्रतिको भेदभावलाई हटाउने उद्देश्यले सन् १९५४ देखि जनवरी महिनाको अन्तिम आइतवार मनाउन थालनी गरिएको थियो ।

"कुष्ठरोग सम्वन्धी गलत अवधारणाको अन्त्य गरौं, मर्यादित ब्यबहार गरौं" भन्ने मूल नाराका साथ यस वर्ष ७१ औं विश्व कुष्ठरोग दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदै छ। यस वर्षको नाराले कुष्ठ प्रभावित मानिसहरूको स्मरण गर्दै रोगको बारेमा चेतना जगाउने र कुष्ठरोगसँग सम्बन्धित लान्छना र भेदभावको अन्त्य गर्न र मर्यादित व्यवहार गर्न ध्यानाकर्षण गराएको छ। अझै पनि विश्वभर कुष्ठरोगबाट धेरै व्यक्तिहरू प्रभावित छन् । कुष्ठ प्रभावित व्यक्तिहरुले लान्छना, भेदभाव र स्वास्थ्य सेवामा पहुँचको अभावको सामना गरिरहेका छन् । अतः यसलाई रोकी कुष्ठरोग अन्त्य गर्न सरकार तथा सबै सरोकारवाला निकायको तत्काल पहल र प्रतिबद्धताको आवश्यकता रहेको छ ।

आज नेपाल लगायत विश्वका मुलुकहरुले कुष्ठरोग जनस्वास्थ्य समस्याको रुपमा निवारण गरि सकेका छन् र कुष्ठरोग मुक्त समाज निर्माणका लागि शून्य कुष्ठरोग अवधारणा लक्ष्य सहित विश्वव्यापी रुपमा कुष्ठरोगलाई शून्य बनाउन अघि बढि सकेका छन् । यस परिपेक्ष्यमा नेपालमा पनि कुष्टरोग मुक्त समाजका लागि शून्य कुष्ठरोगको कार्ययोजना तथा रणनीति सहित नेपाल सरकार क्रियाशील रहेको छ ।

कुष्ठरोगको परिचय

कुष्ठरोग आँखाले देख्न नसकिने माइकोब्याक्टेरियरम लेप्रे नामको सुक्ष्म जिवाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने सामान्य रोग हो । यो रोग मानिसबाट मानिसमा सर्छ । उपचार नगरेको बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यत श्वास प्रश्वासको माध्यमबाट यो रोग सर्न सक्छ । उपचार गरे पूर्ण रुपमा यो रोग निको हुन्छ । शुरुकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग सदैन साथै पूर्ण रुपमा निको हुन्छ र अपांगता हुँदैन । त्यसैले समुदायमा रोग संक्रमण हुन नदिन रोगका लक्षण र चिन्ह देखिनसाथ नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी रोग निदान भएमा पूर्ण रुपमा उपचार गर्नु पर्दछ ।

कुष्ठरोगको बर्तमान अवस्था

नेपालमा वि.सं. २०६६ माघ ५ गते (१९ जनवरी, २०१०) राष्ट्रिय स्तरमा कुष्ठरोग जनस्वास्थ्य समस्याको रुपमा निवारण (प्रति १० हजार जनसंख्यामा १ भन्दा कम विरामी) भएको घोषणा गरेको थियो । त्यस समयमा राष्ट्रिय स्तरमा कुष्ठरोगको प्रकोप दर ०.७७ रहेको थियो भने आ.ब २०७९/८० को अन्त्यसम्म ०.८५ रहेको छ र १४ जिल्लाहरुमा कुष्ठरोग प्रति १० हजार जनसंख्यामा १ भन्दा धेरै विरामी रहेको स्थिति छ । निवारणको घोषणा पश्चात् हालसम्म पनि राष्ट्रिय स्तरमा निवारणको अवस्थामा कायम रहेको छ । हरेक वर्ष नेपालमा २५०० देखि ३००० को हाराहारीमा कुष्ठरोगका नयाँ विरामी पत्ता लाग्ने गर्दछन् ।

राष्ट्रिय कुष्ठरोग रणनीति २०७८-२०८२

राष्ट्रिय कुष्ठरोग कार्यक्रमको विस्तृत समीक्षाबाट प्राप्त निष्कर्षको आधारमा तयार गरिएको कुष्ठरोगको लागि राष्ट्रिय मार्गचित्र २०७८-८७ र राष्ट्रिय कुष्ठरोग रणनीति २०७८-२०८२ तयार गरिएको छ । कुष्ठरोग नियन्त्रणमा हालसम्म प्राप्त गरेका उपलब्धिहरूलाई कायम राख्दै भार घटाएर शुन्यमा पुर्याउन रोगको उच्च प्रकोपदर रहेको स्थानीय तह र जिल्लाहरूमा यसले ध्यान केन्द्रित गर्नेछ ।

दृष्टिकोण :

कुष्ठरोग मुक्त नेपाल

लक्ष्य :

कुष्ठरोगको फैलावटलाई अवरुद्ध गरेर जिल्ला र स्थानीय तहमा कुष्ठरोग निवारण गर्ने । (स्थानीय तहमा लगातार पाँच बर्षसम्म १५ वर्ष मुनिका बालबालिकामा कुष्ठरोगका स्थानीय नयाँ बिरामीहरु शून्य रहनुलाई त्यस स्थानीय तहमा कुष्ठरोग फैलावट अवरुद्ध भएको भनेर परिभाषित गरिएको छ ।)

रणनीतिक खम्बाहरू

खम्बा १ :

राज्यका सबै तहमा शून्य कुष्ठरोगका लागि राष्ट्रिय मार्गचित्र कार्यान्वयन गर्ने ।

खम्बा २ :

सक्रिय विधिबाट कुष्ठरोगका विरामी पहिचान गर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुका साथै कुष्ठरोग रोकथाम कार्यलाई विस्तार गर्ने ।

खम्बा ३ :

कुष्ठरोग तथा यसको जटिलतालाई व्यवस्थापन गर्ने र अपाङ्गता हुनबाट रोकथाम गर्ने ।

खम्बा ४ :

विभेद/लान्छना विरुद्ध प्रतिकार्य गरी मानव अधिकारकों सुनिश्चित गर्ने ।

सञ्चालन भइरहेका क्रियाकलापहरु

- सक्रिय बिरामी खोज पड्ताल कार्यक्रम
- कुष्ठरोग रोकथाम कार्यक्रम
- जनचेतना मुलक तथा क्षमता अभिवृदि कार्यक्रम
- असमर्थता व्यवस्थापन तथा पुर्नस्थापना कार्यक्रम
- बहु औषधीको व्यवस्थापन
- कार्यक्रम सुपरिवेक्षण तथा निगरानी

विद्यमान समस्याहरु

- कुष्ठरोगका कारण हुने अपांगताको उच्च दर
- हाल पनि स्थानिय संक्रमणदर उच्च रहेको
- कुष्ठरोग प्रति सामाजिक भेदभाव बिद्यमान रहेको
- कुष्ठरोग कार्यक्रमको अभिलेख प्रतिवेदनमा दुरुस्त नरहेको
- कुष्ठरोग कार्यक्रम सरोकारवालाहरुको कम प्राथमिकतामा रहेको
- कुष्ठरोगसँग सम्वन्धित दक्ष जनशक्तिको कमी

कानुनी चुनौती

मुलुकी देवानी (संहिता) ऐन २०७४ भाग ३

पारिवारिक कानून, परिच्छेद-१, विवाह सम्बन्धी व्यवस्था ७१. विवाह गर्न, गराउन नहुनेः

(१) कसैले पनि दफा ७० बमोजिम विवाह हुन सक्ने अवस्था नरहेको पुरुष वा महिलासँग विवाह गर्न वा गराउन हुँदैन ।

(२) कसैले पनि देहायका कुनै अवस्थाको पुरुष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन :-

ग) पूर्ण रुपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रुपमा दृष्टिविहिन वा कुष्ठ रोगी भएको,

हाल सम्म नेपालमा बहु औषधिबाट उपचार पुरा गर्नेको संख्या १,९८,००० भन्दा बढी छ ।

(७१ औं विश्व कुष्ठरोग दिवसका अवसरमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट जारी पर्चामा आधारित - सं.)

संगीत र सम्वेदनाको अन्योन्याश्रित सम्बन्धको ज्ञान गुरु योगेश वैद्य सरको संगीत साधनाको सार

✍ रिता महर्जन

कवितामा भावनात्मक गहिराई र शब्द शब्दको ध्वनीको सुक्ष्म संयोजनबाट मर्मस्पर्शी सांगीतिक अभिव्यक्तिमा स्वर माधुर्य र सम्वेदनात्मक गायकीय कौशलताको कारण योगेश वैद्य सरका गीतगजल, भजन र राष्ट्रीय गीतहरूबाट प्रभावित म वहाँको निवास पुगेर वहाँसँग साक्षात्कार गरेको दिन मेरो गौरवमय सुअवसर साबित भयो। मेरो विनीत अनुग्रहमा संगीत सम्बन्धि सम्बाद गर्ने मेरो मनसायलाई सश्नेह वहाँको स्विकारोक्ति वहाँको सामिप्यमा रहेर धेरै ज्ञान र अनुभवबाट शिक्षित र दिक्षित हुने अवसरको शुभारम्भ बन्यो। स्वास्थ्यको जटिल समस्यामा जुझीरहनु भएको वहाँमा जोशजाँगर र लगनमा भने केही कमी थिएन। आफनो उर्जाशील समयमा विभिन्न सभा सम्मेलनमा गाइएका र सिर्जना गरिएर पनि प्रसारणमा आइनसकेका गीतहरू जसमा जनकवि दुर्गालाल श्रेष्ठका दर्जनौं रचनाहरु पनि थिए। यी गीतहरूलाई पुनर्जीवन दिई श्रोता माझ ल्याउनु पर्ने विषयको प्रसंग उठदा म यस सत्काममा संलग्न हुन चाहेको कुरा मैले विनम्रताका साथ निवेदन गरेँ जसलाई सकारात्मक रूपमा लिइयो।

अब काम अगाडि बढाउन योगेश सरको निवासमा कवि दुर्गालाल सरको पनि उपस्थितिमा एउटा महत्वपूर्ण बैठक बसेर योजना तर्जुमा गरियो। बैठकमा संगीतकर्मी दाई संतोष महर्जन र म पनि सहभागी थियौं। यस अभ्यास र सक्रिय संलग्नताले फोरगटन मेलडी तथा रिता आएट हर बेस्ट गीति एल्बमको भव्य विमोचनका साथसाथै

गीतकार जनकवि दुर्गालाल श्रेष्ठ र संगीत सर्जक योगेश वैद्य सरको अभिनन्दनको गरिमामय समारोहको आयोजना सम्म गर्न सफलता हासिल गर्न समर्थ बनाए।

यस समारोहको प्रेरक उल्लेख्य महत्व थियो, यसमा भएको राष्ट्रीय ख्यातिप्राप्त सम्मानीत कवि, गीतकार, गायक, संगीतकारहरू तथा सञ्चारकर्मीहरूको सौहार्दपूर्ण उपस्थिति र सहभागिता। यस आँटिलो प्रयास पछि हाम्रो बढ्दो उत्साहले नेपाली र नेपालभाषाका केही थप गीतहरू रेकर्ड गरी प्रकाशनमा ल्याउने हौसला मिल्यो र निरन्तर हामी यसमा प्रतिबद्ध र कटिबद्ध भएर लाग्दैछौं।

हाल सम्ममा नेपालीमा दुई र नेपालभाषामो तीन गरी जम्मा पाँच वटा गीति एल्बमहरू प्रकाशनमा ल्याइसकेको छ। हाम्रो यस प्रयासको मूल प्रेरणा र हौसलाको स्रोत र मेरुदण्ड नै योगेश सर हुनुहुन्छ।

संगीत सर्जक योगेश वैद्य सर नेपालको उच्चस्तरको प्रसिद्ध गायक, संगीतकार र गीतकार हुनुहुन्छ, यसको अलावा वहाँको प्राज्ञिक हैसियत पेशागत रूपमा एक विद्वान बौज्ञानिकको रहेकोछ। वनस्पति स्रोत अनुसन्धान र विकास तथा खाद्य र पोषण विषयमा राष्ट्रीय र अन्तर्राष्ट्रीय स्तरमा वहाँको सक्रिय योगदान योजना-परियोजनाहरूमा नेतृत्वदायी भूमिका, सल्लाहकार तथा परामर्श समितिहरूको कार्य संलग्नता आदिको अभ्यस्ततामा प्रतिविम्बित हुन्छ।

यसको साथसाथै पुस्तक-पुस्तिका, लेखहरू आदिको वहाँका अनुसन्धान र विकासका सामग्री र दस्तावेजहरू यसका अभिलेख हुन्। जुन वहाँसँगको निकटताको फलस्वरूप मैले प्रत्यक्ष हेर्ने र पढ्ने मौका पाएको छु। वहाँसँग बस्दा वहाँ आफ्ना अनुभवहरू र संस्मरणहरू सुनाउनु हुन्थ्यो।

वहाँको समीप रहँदा शुरुमा वहाँ अति सरल र शान्त लाग्छ, तर पछि वहाँको सोच, चिन्तन, सम्वादात्मक गहन गहिराईमा डुब्दै जाँदा वहाँको जटिलता, क्लिष्टता र गाम्भिर्यताले आफू किंकर्तव्यविमूढको अवस्थामा पुगेको महशूस हुनथाल्छ। तर कुनै जटिल विषयलाई सहज विश्लेषण गर्ने तिर पनि वहाँ बेजोड हुनुहुन्छ। यस विशेषताको वहाँ एकै विशिष्ट व्यक्तित्व हुनुहुन्छ भन्ने मेरो विस्वास छ।

जनगायक श्रेष्ठ र बरिष्ठ गायक वैद्यको स्मृतिमा श्रद्धाञ्जलीसभा

• मेरो संवाददाता

काठमाडौं/जनगायक भृगुराम श्रेष्ठ र वरिष्ठ गायक योगेश वैद्यको स्मृतिमा यही माघ १२ गते शुक्रवार एक श्रद्धाञ्जलीसभाको आयोजना गरिएको छ। श्रेष्ठको १३ औं दिनको पुण्य तिथिका अवसरमा जनगायक श्रेष्ठ र वैद्यको स्मृतिमा श्रद्धाञ्जलीसभा सम्पन्न भएको हो।

सभामा जनगायक भृगुराम श्रेष्ठको बारेमा लोकप्रिय कलाकार पवित्र कसाले प्रकाश पार्नुभएको थियो। अर्का वक्ता नेवाः पत्रकार राष्ट्रिय दबूका निवर्तमान अध्यक्ष तथा ललितपुर महानगरपालिका १६ वडा कलाकार समितिका संयोजक सुरजबीर बज्राचार्यले वरिष्ठ गायक योगेश वैद्यको योगदानको चर्चा गर्नुभयो।

पहिको युवा क्लव, हलिं नेवाः दबू नेपाः देय् मू कवः, नेवाः देय् दबू काठमाडौं १६ र १७ वडा, नेपाः सेवा पुचः र म्हय्पि महिला समाजको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

वर्ल्ड नेवाः अर्गनाइनेशन नेपाल च्याप्टरका कार्यसमिति सदस्य उत्तम श्रेष्ठले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा काठमाडौं क्षेत्र नं. ७ 'क'का सभासद् बसन्त मानन्धर, नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्य, राजनीतिकर्मी तथा समाजसेवी सिर्जना सिंह श्रेष्ठ, वरिष्ठ सिने पत्रकार बिजयरत्न असंबरे अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। सभा काठमाडौं १६ स्थित लेखनाथ साहित्य सदनमा सम्पन्न भएको हो।

१८ वडामा माघ महात्म्य

• मेरो संवाददाता

काठमाडौं/काठमाडौं मनपा १८ वडाले जनभावनाको कदर गर्दै यही माघ ११ गतेबाट माघ महात्म्य कथा वाचन सुरु गरेको छ। एक महिनासम्म कथा वाचन हुने वडा अध्यक्ष न्हुछेकाजी महर्जनले बताउनु भयो।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

शहीद सप्ताहका विविध गतिविधि

बाखं म्ये

जि वया ला लछि मदुनि

(राग सिन्हांज्या, ताल अस्तरा)

मुंम्ह : प्रेमबहादुर कसाः

जि वया ला लछि मदुनि छि काय सँ झाय धाल
थुगु छवार लिगनाव दिसँ न्हा ।
जि काय पुता जा लिगने मज्यू भलिचा
जि कायया लजगार मदु न्हां ॥१॥

अयले माजु हाय छि कायया लजगार मदुसा
जिगु कोस लव ल्हाना बिय न्हां ।
अयले भलिचा मयजु धन्दा छनं कायमते
दखलख जक चोना वइ न्हां ॥२॥

लख मदु पुखुलिस डा गथे चोनि माजु
थुगु छवार लिगनाव दिसँ न्हां ।
अयले प्रभु स्वामि सँ झाय धाये मते
भिन जा जिनं जुइ मताया न्हां ॥३॥

अयले मिसा हाय ताकाल चोने मखु
दँछि निदँ जक चोनां वय न्हां ।
गनानं मजिसेंलि जित पार बिया दिसँ
जि मामया शरणस वने न्हां ॥४॥

छंत पार मदु मिसा जिगु छेया भाला छंत
भिनक निदां याना चोव न्हां ।
लख मदु पुखुलिस पलेस्वान गथे होइ
होइगु आश जित मदु न्हां ॥५॥

शुभ दिन शुभ बेला मंगल याना थास
खोय मते धीरज नि याव न्हां ।
जव ल्हाति सगन फसे खव ल्हाति खोवि हुसे
जि प्रभु लिमसोसे झाल न्हां ॥६॥

चोतया झ्यालनं प्रभु कोसोया बेलस
जि प्रभु खोसे खोसे झाल न्हां ।
अयले प्रभु स्वामि धंदा छिनं कायमते
लँस सोया बुलुहुन वेलस काल न्हां ॥७॥

थो झ्यालं कोसोय गात थो छैंस गथे चोने
जि प्रभु बनबास लात न्हां ।
गुगु थास दिल प्रभु गुगु बनस दिल प्रभु
जि नुगल तयांतय मज्यू न्हां ॥८॥

थसोयां परवत कोसोयां समुदर
समुदर हुनुनुनु हाल न्हां ।
सिमा हल लासा लासे लोहँत फुंग तसे
नगुतिनं फांगा फासे दिल न्हां ॥९॥

जि प्रभु लुमनिव उइनिथें जुल प्रभु
ननानं लिहाँ झायमाल न्हां ।
माया मदु मायां क्यंका संदेश झाल थनि
छिन जित तोलति मताया न्हां ॥१०॥

नखत वइवले चखत वइबले
जि नुगल तयांतय बिया मज्यू न्हां ।
कोठाया झ्यालन मत बिया सोया जिनं
मत जा बुलुसे वन न्हां ॥११॥

चान्हस म्हनाचोन जि प्रभु मन्त धका
विरहनं खोयाव जि चोना न्हां ।
जोशीयात केना सोयां बायमालि मखु धाल
दैवन विजोग याना विल न्हां ॥१२॥

मत विसे सेवा याना श्री भीमसेन याके
कुफल वरदान बिल न्हां
सँदे झागु खुला दइन लिस पौनं थ्यंगु मखु
जि प्रभु गथे गथे जुल न्हां ॥१३॥

अयले माजु हाय लख काल वनाबेले
छि काय जा मदुथे खँ ल्हात न्हां ।
सुनानं धाल भलिचा गुम्हसेनं धाल भलिचा
जि नुगल तयांतय मज्यू न्हां ॥१४॥

चोतया झ्यालनं मत विसे सोया जिन
जि कायया जिव दनितुं ताया न्हां ।
सुथ न्हापां दना जिनं वसिबँ पुना बेले
कोखनं लायवुया केन न्हां ॥१५॥

अयले भलिया मयजु धन्दा छनं कायमते
कोखया खँ जा सही मरु न्हां ।
अयले माजु हाय लख काल वना थास
छि कायया हित पासां धाल न्हां ॥१६॥

छु चिन्हं हल भलिचा गुगु चिन्ह हल भलिचा
छि कायया हिरा अंगु हल न्हा ।
अयले भलिचा मयजु छ हत्थि जुयमते
आम खँ जा पत्या जुयमते न्हां ॥१७॥

अयले माजु हाय गोच सिन्ह जोरे याव
छि कायया संसर्गस वने न्हां ।
कायनं वात भलिचा छनं जित वाय धयाला
माजु पापी गन वना सिय न्हां ॥१८॥

अयले काय पुता मां पापी वोनवायो
जि नुगल तयांतय मज्यू न्हां ।
सोचुक खन छेस सोम्ह माचा चोना थास
याकतन चोना चोने माल न्हां ॥१९॥

जलाखला निनिमाजु जिमि माजु खोयके मते
सकसिनं धीरज वियातिव न्हां ।
हाकु गहया लन फिसे दोरिया गान डसे
पुनिछितया पतासि सिसे न्हां ॥२०॥

पालु वजि दयकाव धलिस लुकु फिसे
जि मामं हैगु बिहा सोव न्हां ।
छजु वस छ्वासे वासे छजु वस जोगि विसे
छजु वस त्वायभत चिने न्हां ॥२१॥

लायकुया प्रधान वल थव थिथि जम्मा जुल
सकसिनं वनेमते धाल न्हां ।
मिसाया धर्म जुल स्वामियाके भक्ति याय
जि प्रभुया शरणस वने न्हां ॥२२॥

कारे मुमा कारे बुवा विधि जित याना विव
जि स्वामिया संसर्गस वने न्हां ।
गनानं मफयाव सकसिनं विदा विल
अतिभन हर्ष जुसें वन न्हां ॥२३॥

छैंस पित यनाव देश छचाः उयकाव
दिपस थेनकल वन न्हां ।
सिपँस चोनाव गौरी शिव पूजा यात
स्वामियाके चित्त तया चोन न्हां ॥२४॥

अयले गुवा आबाजु जित दुःख मजुयक
जिगु प्राण याकनं बंकाबिव न्हां ।
अयले भलिचा मयजु धन्दा छन काय मते
याकनं मुक्त याना बिय न्हां ॥२५॥

सिपँस चोनाव विधि दक्को धुनकाव
पोरीनो त्वायभत चिन न्हां ।
नाम कया ईश्वरया सकसिके बिदा कया
थवगु प्राण त्याग यात न्हां ॥२६॥

संदे वंगु सोदँ फुका सँदेशं काय वल
लुखा कोसं सलताव चोनं न्हां ।
मामनं सल ताया झ्यालनं कोसोयाव
थव काय पुता खना खोल न्हां ॥२७॥

थाहां वय मते पुता छ मंत धकाव
छनगु जात उय धुन न्हां ।
सुनानं धाल माम गुम्हसिनं धाल माम
छि भलिचा गन वना चोन म्हां ॥२८॥

छ मंत धकाव हित पासां सल कन
भलिमचा सति वना मंत न्हां ।
छु चिन्ह केन माम गुगु चिन्ह केन माम
हिराया अंगु केन धाल न्हां ॥२९॥

बालक मिसा खना हित पासां छलेयात
मनुष्यया धर्म विवेक धर्म मदु न्हां ।
विव माम झोलि तुंबा देशान्तर हिला जुय
हरियागु नाम कया वने न्हां ॥३०॥

सकसिनं सोल वल सकसिके बिदा फोन
सकसियां मिखं खोबि वल न्हां ।
सकसितं खोयकाव मामयाके बेला फोन
भगवानया नाम कया वन न्हां ॥३१॥

नृपति श्री राज राजेन्द्र विक्रम शाहदेव
वसया परताप बोल न्हां ।
ज्ञानी गुणीपनिसेन हिस्याय वसया मते थनि
दोनगुलि क्षमा याय मात्र न्हां ॥३२॥

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११४

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गु, अ.	न्त्यसः थनीगु खँग्वः ।	प्रश्नात्मक शब्द ।
गुकथं क्रि.वि.	गये ।	कसरी, कुन तवरले ।
गु खुन्हु, क्रि.वि.	गुगु दिनय् ।	कुन दिन ।
गुखे, क्रि.वि.	गुखेपाखे ।	कता, कतातिर ।
गुगु वि.	गुगु पतिइ ।	कुन, कुन चाहिं ।
गुथाय् क्रि. बि.	गुगु थासय्, गुगु इलय् ।	कुन ठाउँमा, कुन अवसरमा ।
गुबलय् क्रि. वि.	गुगु इलय् ।	कुन बेला ।
गुम्ह, वि.		कुन चाहिं ।
गुलि, क्रि. वि.	थुलि उलि धाय्केत तइगु न्त्यसः ।	कति ।

चिबाखं

बाज्यः

✍ **रामेश्वर 'मिश्रण' श्रेष्ठ**

व छम्ह शालीन व्यक्तित्व, छम्ह बौद्ध शिक्षाया विद्यार्थी । थुलिं अप्वः जिं वया बारे छुं मसिउ । वनापं जिगु आक्कल झुक्कल जक खँ ब्याः । वं बरोबर भन्तेपिं, गुरुमापिंनापं च्वनाः कयातःगु फोतोत पोस्ट याइगु । जितः वया बौद्ध दर्शनया खं मचायेक प्रभावित याः अले यानातुं च्वं ।

म्हिगः वं थःगु ब्वनेकुथिया कक्षय् च्वनाः कयातःगु फोटो पोस्ट यात । थौं जिं अनलाइन खनेकथं वयात न्यना "छिगु फोटोय् खनेदुम्ह भन्ते सु थें ?"

"वयूकः जिमित ब्वंकादिइम्ह गुरु खः" वं लिसः बियाहल ।

"छिगु ब्वनेकुथि गनथाय् लाक्क लाः थें?" जिं हाकनं न्यना ।

"स्वयम्भुइसं खः छिकपिनिगु छैंनं यक्व तामपाः जुइ ।" वं लिसः बियाहल ।

"ग्वःम्ह ब्वँमिपिं दु ले छिकपिनिगु कक्षाय् ?" जिं न्यना ।

"दु भिंन्याम्ह ति ब्वँमिपिं दु जिमिगु कक्षाय्..... बरु ब्वनेगु मन दुसा झासँ ले न्हुगु कक्षा सुरु जूगु तःन्हु मदुनि" वं जितः ब्वं वयेत आमन्त्रण नं यात । जिं भचा मछिं पहलं धया छ्वया "ग्व ! वये ला मास्ते वः तर म्हसिउपिं सुं मदु छु याये ?"

अले वं धयाहल "छुं मछाः मछिं तायेकादिइ म्वाः अन छि थें बाज्यः वनेधुंकूपिं न्याम्ह, खुम्ह बुरापिं नं अध्ययन यानाच्वनादिइगु दु ।" वया थ्व लिसः लिपा जि छथ्थुं सिमां कुतुंवःम्ह थें जुल । नुगः भचा झ्यात्तुसे च्वं थें जुल ।

उघ्रिमय् मत फ्वाक्क सित ..... बिजुली वनाः नेट नं अफ जुल तर जिगु मनय् खँत धौबजि वाःथें बुदुरुबुदुरु वालातुं च्वन । जिगु मिखा, जि फ्यतुनाच्वनागु खातां खनेदुगु कोथाया दराजय् च्वंगु न्त्यायूकनय् ब्वाँय् वन .....

अन जिं, जिगु भचाभचा कयूकुने शुरु जुइधुंकुगु न्यताः व भचाभचा भुइसे च्वनेधुंकुगु सं जितःहे हिस्यानाच्वंगु आभास जुल ।

वहे इलय् कोथाया खापा चायेका जिमि तिरिमय्जुं "ज्यःनां याः झासँ न्हि ११ बजे जुइधुंकल" धकाः भान्छाय् वन अले जि नं मुसुं न्हिलाः वया ल्यू-ल्यू भान्छाय् वना ।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना । नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ । लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना ।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

हलिं नेवाः दबू जर्मनद्वारा मायाको चिनो प्रदान

• **मेरो संवाददाता**

काठमाडौं/हलिं नेवाः दबू जर्मन च्याप्टरको आयोजनामा लुनिबर्ग सहरम एक कार्यक्रमको आयोजना गदै विभिन्न व्यक्तित्वहरुलाई मायाको चिनो प्रदान गरिएको छ।

हलिं नेवाः दबू केन्द्रको आयोजनामा चार महिनासम्म चलेको दोश्रो हलिं नेवाः न्ह्यसः लिसः कासा-११४३ भव्यरुपमा सम्पन्न गर्नका लागि विभिन्न किसिमले सहयोग पुऱ्याउनु भएका महानुभावहरुलाई सम्मान स्वरुप गत आइतवार मायाको चिनो र प्रमाणपत्र प्रदान गरिएको थियो।

हलिं नेवाः दबू जर्मन च्याप्टरका अध्यक्ष एवम् यूरोप कोअर्डिनेटर कुमार नापितको संयोजकत्वमा भएको कार्यक्रममा हलिं नेवाः दबू केन्द्रका उपाध्यक्ष रजनी प्रधान प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो।

नेवाः खलः ह्याम्बर्गका संस्थापक अध्यक्ष मानव कुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा हलिं नेवाः दबू केन्द्रका सल्लाहकार रबिन्द्र श्रेष्ठ, जर्मन च्याप्टरका सल्लाहकार दिनेश प्रधान र नरेन्द्र श्रेष्ठ, जर्मन च्याप्टरका उपाध्यक्ष रामकाजी गोसाईं, जर्मन च्याप्टरका महिला समिति संयोजक उर्मिला बडगामी श्रेष्ठ, चिरन श्रेष्ठ, बिपिन श्रेष्ठ लगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो।

सो कार्यक्रमकै दौरान खानपान तयार गर्नुहुने, कार्यक्रमलाई सहयोग गर्नुहुने तथा प्रचार प्रसारमा सहयोग गर्नुभएकोले सुलोचना गोसाईं बासुकला, दुर्गा देबि प्रधान नापित र अन्जना श्रेष्ठ गौचनहरुलाई धन्यवाद ज्ञापन गरिएको थियो।

जर्मन च्याप्टरका अध्यक्ष कुमार नापित नेपाल आउनु भएको समयमा विभिन्न संघसंस्थाबाट सम्मान ग्रहण गर्दै मायाको चिनोका रुपमा प्रदान गरिएको पुस्तक, नेपाल संवत् ११४४ नयाँ वर्षको अवसरमा प्रकाशित लहना क्यालेन्डर र डायरी पनि वितरण गरिएको थियो।

प्रमुख अतिथि रजनी प्रधानले आउँदो मार्च महिनामा हलिं नेवा दबू जर्मन च्याप्टर र नेवाः खलः ह्याम्बर्गको संयुक्त आयोजनामा 'इहि मुनाः' गर्न लागिएको जानकारी दिनुहुँदै सबैलाई कार्यक्रममा उपस्थित भइदिनु हुन अनुरोध समेत गर्नुभयो।

'बुंगाःचा : थीथी दृष्टि' सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/हाइजिन धर्मराज राजकर्णिकारको हाइकु पुस्तक बुंगाःचाका सम्बन्धमा सत्र जना विद्वान समालोचकहरुले गर्नु भएको समालोचनाको सँगालो '**बुंगाःचा : थीथी दृष्टि**' लोकार्पण गरिएको छ।

सातोआकी भवनमा नेपालभाषा ऐकेदेमीका चान्सलर यज्ञरत्न धाख्वाःले लोकार्पण गर्नुभएको उक्त पुस्तकको संपादन नारद वज्राचार्यले गर्नुभएको छ।

विमोचित पुस्तकलाई लिएर समालोचक डा. पुष्पराज राजकर्णिकार, डा. योगेन्द्र प्रधान, डा. डामोदर पुडासैनि किशोर, ध्रुव मधिकर्मि, पूर्ण ताम्राकारबाट आ-आफ्नो मन्तब्य राख्ने क्रममा हाइजिन धर्मराज राजकर्णिकारको हाइकु सार्थक हाइकु भएको टिप्पणी गर्नुभयो। साथै पुस्तकमा रहेको समालोचना एक पक्षिय नभै हाइकुलाई विविध रुपले अध्ययन अनुशिलन भएको कुरा बताउनु भयो। पुस्तकमा आवरण चित्र कोर्नु हुने नेपाल ललितकला प्रज्ञाप्रतिस्थानका पूर्व कूलपति के.के. कर्माचार्यले बुंगाःचा पुस्तकमा रहेका चित्रहरुले हाइकुलाइ बुझ्न मद्दत पुऱ्याएको बताउनु भयो।

प्रकाशक देगः म्हिचा सफूको आयोजनामा भएको उक्त समारोहको अध्यक्षता पुस्तकका संपादक नारद वज्राचार्यले गर्नु भएको थियो।

रिता महर्जनको 'तनावंगु किपा' लोकार्पण

• **मेरो संवाददाता**

नेपालभाषाको लघुकथा लेखनमा आफ्नो बेग्लै पहिचान बनाउन सफल लेखिका रिता महर्जनको कविता संग्रह 'तना वंगु किपा' शनिवार एक कार्यक्रमका बीच लोकार्पण गरिएको छ।

नेपालभाषा चिबाखं साहित्य र लुम्बिनी सम्यक फाउण्डेशनको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि ललितपुर महानगरपालिकाका उप-प्रमुख मन्जली बज्राचार्य शाक्यले पुस्तक लोकार्पणका साथै ऋतु साहित्य सिरपाःको घोषणा समेत गर्नुभयो।

सोही कार्यक्रममा नेपालभाषा चिबाखं प्रतियोगिताका विजेताहरुलाई पुरस्कार पनि वितरण गरिएको थियो। प्रतियोगितामा निर्मल बज्राचार्य प्रथम, राशा दोश्रो रामेश्वर जलन श्रेष्ठ तृतिय हुनुभयो भने विनय राजोपाध्याय, प्रमोद अमात्य र राजन महर्जनले सान्त्वना पुरस्कार जित्न सफल भएका छन्।

प्रमुख अतिथिको रुपमा मन्तव्य राख्नुहुँदै ललितपुर मनपाकी उपप्रमुख शाक्यले नेपालभाषा साहित्यको विकासमा यस्ता प्रतियोगिताले सकारात्मक भूमिका खेल्ने बताउनु भयो। सोही कार्यक्रममा नेपालभाषा साहित्यमा विशेष योगदान दिनु हुने श्याम आशा कायस्थ र शिक्षा क्षेत्रमा योगदान दिनुहुने विणा शाक्यलाई सम्मान गरिएको थियो।

ललितपुर १६ मा तीन महिना निःशुल्क स्वास्थ्य शिविर

• **मेरो संवाददाता**

ललितपुर/ललितपुर महानगरको वडा नं. १६ ले तीन महिनासम्म निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ। वडा नं. १६ ले इलाननी रचना फिजियोथेरापी उपचार केन्द्रको समन्वयमा तीन महिनासम्म निःशुल्क स्वस्थ्य शिविर सञ्चालन गर्ने भएको हो।

आफ्नो वडाभित्रका धेरैभन्दा धेरै नागरिकहरुले स्वास्थ्य सुविधा पाएर निरोगी जीवनयापन गर्नु पाउन भन्ने उद्देश्यका साथ तीन महिनासम्म स्वास्थ्य शिविर सञ्चालन गर्न लागिएको बताउनुहुन्छ ललितपुर महानगरपालिकाका वडा नं १६ का अध्यक्ष निर्मल रत्न शाक्य।

"स्थानीय जनप्रतिनिधिको रुपमा सबै वडावासीहरुको स्वास्थ्य सुविधाको लागि हामीले काम गर्ने हो। धेरैभन्दा धेरै नागरिकहरुले स्वास्थ्य सुविधा पाएर निरोगी जीवनयापन गर्नु पाउन भन्ने उद्देश्यका साथ तीन महिनासम्म स्वास्थ्य शिविर सञ्चालन गर्न लागेका हौं। संविधानले नै शिक्षा र स्वास्थ्य नागरिकको अधिकारका रुपमा परिभाषित गरेको छ। तसर्थ सबैलाई निरोगी बनाउन स्वास्थ्य शिविर, पहिचान भएका रोगको निधानका लागि डाक्टरको सिफारिसअनुसार निस्शुल्क औषधि वितरण, जनचेतना अभिबृद्धि लगायतका कामहरुलाई केन्द्रित गरेका छौं।" अध्यक्ष शाक्यले भन्नुभयो।

उहाँले सीमित स्रोत साधनबाट न्युनतम मुल्यमा इलाननी रचना फिजियोथेरापी उपचार केन्द्रबाट फिजियोथेरापी उपचार सेवा दिइरहेको समेत जानकारी गराउनु भयो। अरनिको समाजसंग सहकार्य गरेर फागुन र चैत महिनाभर फिजियोथेरापी शिविर सञ्चालन गरिने गरि तयारी भएको जानकारी गराउनु भयो।

फिजियोथेरापिस्ट डा चन्द्रदीप कुमार महतोले शिविर सञ्चालनकाक्रममा फिजियोथेरापी र आयुर्वेद सम्बन्धि उपचारलाई जोड दिइने जानकारी गराउनु भयो।



यु-१५ विश्वकप क्रिकेट

अफगानिस्तानलाई हराउँदै नेपाल सुपरसिक्समा

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल आइसिसी यू-१९ विश्वकप क्रिकेटको सुपर सिक्समा प्रवेश गरेको छ। अफगानिस्तानलाई पराजित गर्दै नेपाल दक्षिण अफ्रिकामा जारी यू-१९ विश्वकपको सुपर सिक्समा प्रवेश गरेको हो। १४६ रनको लक्ष्य पछ्याएको नेपालले ३२ बल बाँकी हुँदा १४९ रन बनाउँदै ४४.४ ओभरमा अफगानस्थानमाथि १ विकेटको जित निकालेको हो।

नेपालको जितका लागि कप्तान देव खनालले अर्धशतक महत्त्वपूर्ण बन्यो। अफगानिस्तानले दिएको १४६ रनको लक्ष्य पछ्याउने क्रममा कप्तान खनालले ७३ बलमा सात चौकासहित अर्धशतक बनाउनुभएको हो। ८९ बलको सामना गर्दै कप्तान खनालले ५८ रन जोड्नुभयो।

नेपालका लागि दिपक बोहोराले ४२ बलमा २७ रन, सुवास भण्डारीले २९ बलमा नटआउट ९ रन, आकाश त्रिपाठी १६, अर्जुन कुमालले १० रन तथा दिपक डुम्रे ५, दीपेश कँडेल ४ र विपिन रावलले २ रन बनाउनुभयो भने गुलसन झा र आकाश चन्द एकएक रनमै आउट भएका थिए।

शुक्रबार दक्षिण अफ्रिकाको इष्ट लन्डनस्थित बफेलो पार्क मैदानमा टस हारेर बलिडको निम्तो पाएको नेपालले ४०.१ ओभरमा १० विकेट लिँदै अफगानिस्तानलाई १४५ रनमा समेटेको थियो। समूह 'डी'मा रहेको नेपाल यसअघि लगातार दुई खेलमा पराजित भएको थियो। अन्तिम खेलमा अफगानिस्तानलाई स्तब्ध पार्दै सुपर सिक्सको यात्रा तय गर्न सफल भएको हो। शुक्रबारको खेलमा अफगानिस्तानलाई मध्यम स्कोरमा समेट्न नेपालका लागि आकाश चन्दले सर्वाधिक पाँच विकेट लिएको थियो भने दीपेश कँडेलले दुई, गुलसन झा, तिलक भण्डारी र सुवास भण्डारीले एक-एक विकेट लिएको थियो।

"आरोग्य परमा लाभा"

ललितपुर महानगरपालिका-१६ वडा कार्यालयद्वारा सञ्चालित
इलाननि रचना फिजियोथेरापी उपचार केन्द्रको आयोजनामा

बृहत निःशुल्क स्वास्थ्य शिविर

मितिः २०८० माघ महिनाको प्रत्येक शनिबार

माघ ६ गते	माघ १३ गते	माघ २० गते	माघ २७ गते
मंगलबजार	न्याखाचुकः	गाःबहाल, बुबहाल	इलाननि, नागबहाल

हड्डी खिईएको, नसा च्यापिएको, मुख बांगिएको, जोर्नी दुख्ने, प्यारलाइसिस, बाथ, युरिक एसिड, हातखुट्टा झम्झमाउने र पोल्ने, ग्यास्ट्रिक, अल्सर, पाईल्स, चर्मरोग, यौन रोग, स्त्री तथा प्रसुति रोग, दम, खोकी, पीनास, जन्डिस, लिभर सम्बन्धी रोग, चिनी रोग, उच्च रक्तचाप, मानसिक रोग, पत्थर, मृगौला रोग, कब्जियत, मोटोपन, थाइराइड, उच्च कोलेस्ट्रोल, तथा सुस्त मनस्थिति भएका बालबालिका।



डा. पूजा अग्रवाल	डा. चन्द्रदीप कुमार महतो	डा. साजन उपाध्याय	डा. रन्जन पौडेल
सिनियर आयुर्वेदिक चिकित्सक	फिजियोथेरापिष्ट	फिजियोथेरापिष्ट	फिजियोथेरापिष्ट

समयः
बिहान ९:00 देखि दिउँसो १:00 बजे सम्म

प्राविधिक सहयोगः
रचना आयुर्वेद तथा हाडजोर्नी उपचार केन्द्र
लगनखेल, ललितपुर

हरेक दिन शनिवार बाहेक बिहान ८:00 देखि १२:00 बजेसम्म ईलाननि स्थित इलाननि रचना फिजियोथेरापी केन्द्रमा स्वास्थ्य उपचार र परामर्शको व्यवस्था गरिएको छ।

प्रथम नेपालगन्ज कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/'प्रथम नेपालगन्ज कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता'को उपाधी सशस्त्र प्रहरीको विभागिय टोली एपिएफका प्रिन्स दाहालले हात पारेका छन्। नेपालगन्ज रंगशालास्थित कर्वड हलमा सम्पन्न भएको फाईनल खेलमा पुरुष एकलतर्फ नेपाल आर्मीका कविर केसीलाई २१-७, २१-१४ को सोझो सेटमा पराजित गर्दै दाहालले उपाधि जितेको हो। नेपाल प्रहरीका जीवन आचार्य र एपिएफका अमन महर्जन तेस्रो हुनुभएको छ। सोही प्रतियोगितामा महिला एकलतर्फ नेपाल आर्मीकी रसिला महर्जनले एपिएफकी शोभा गौचनलाई २१-१०, २१-८ को सोझो सेटमा पराजित गर्दै उपाधित हात पार्नुभयो। प्रतियोगितामा नेपाल प्रहरीका निता लम्साल र कैलालीकी एलिना सुनार तेस्रो भएका छन्।

प्रतियोगितामा पुरुष युगलतर्फ एपिएफका प्रिन्स दाहाल र विजित थापामगरको जोडीले एपिएफका क्षितिज खनाल र देवराज रानाको जोडीलाई २१-१४, २१-११ को सोझो सेटमा पराजित गर्यो। एपिएफका अमन महर्जन र रोशन साउदको जोडी तथा नेपाल प्रहरीका जीवन आचार्य र विष्णु कटवालको जोडी तेस्रो भयो।

प्रतियोगितामा पुरुष युगल (भेट्रान्स ४५ प्लस) तर्फ बाँकेका जयन्त श्रेष्ठ र अनिल लाखेको जोडीले नेपालगन्जका हरि खत्री र राजकुमार पोखरेलको जोडीलाई २२-२०, २१-१६ सोझो सेटमा पराजित गरेको थियो। बुटवलका बीरेन्द्र बिष्ट र रितेश थापा तथा बाँकेका अरुण गौतम र अभयलाल श्रेष्ठको जोडी तेस्रो भएको छ।

यस्तै, पुरुष युगल(बी लेभल) तर्फ सुर्खेतका राजेन्द्र बम र खगेन्द्र खत्रीको जोडी पहिलो भएको छ। सो जोडीले धनगढीका भरत चन्द र दिनेश थापा मगरको जोडीलाई पराजित गरेको थियो। नेपाल प्रहरीका चक्रबहादुर डम्बरपाल र अविक श्रेष्ठको जोडी तथा गुलरियाका सरद खड्का र अनुपम न्यौपानेको जोडी तेस्रो भए।

प्रतियोगितामा पुरुष एकलका विजेताले नगद ७० हजार, दोस्रोले ३५ हजार तथा तेस्रो हुनेले १५/१५ हजार नगद प्राप्त गरेका छन्। यस्तै, महिला एकलका विजेताले ६० हजार, दोस्रो हुनेले ३० हजार तथा तेस्रो हुनेले १५/१५ हजार प्राप्त गरेका छन्, भने पुरुष युगलका विजेताले नगद ५० हजार, दोस्रोले २५ हजार तथा तेस्रो हुनेले १५/१५ हजार प्राप्त गरेका छन्। यस्तै, पुरुष युगल (भेट्रान्स ४५ प्लस) र पुरुष युगल (बी लेभल)का विजेताले ३० हजार, दोस्रोले २० हजार र तेस्रो हुनेले १०/१० हजार रुपियाँ नगद प्राप्त गरेका छन्।

मेरो साहित्य

यथार्थ

✍ **सरीना बज्राचार्य**

जिन्दगी दुई दिन बाँचुन्जेल
सुख, दुःखको मेलोपाटो
स-साना कंकरले जीवन अशान्तको थलो
बुझ्नेले नबुझे जस्तो

मृत्यु पछि धूवाँ र माटो
तैपनि रिस र दाहा
जन्म पछि संस्कार र नैतिक मूल्यवान जिवनसारा
पुर्ण भएर पनि अधुरो जस्तो

इच्छा चाहना सबैको
अपजस र अपहेलना
सहेर पनि मुहारमा मुस्कान मौनतालाई कमजोर थान्छन्
आगोको ज्वाला भएर पनि झिल्को भएर निभिनु पर्ने,
यथार्थ यथार्थ यथार्थ।

संस्कृति र सभ्यताको संरक्षणमा जातीय समाजको भूमिका महत्वपूर्ण – प्र.जि.अ.श्रेष्ठ

• **मेरो संवाददाता**

ललितपुर/प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठले संस्कृति र सभ्यताको संरक्षण गर्ने काममा जातीय समाजको महत्वपूर्ण भूमिका हुने बताउनु भएको छ। शनिबार ताम्रकार समाजले जावलाखेलमा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रजिअ श्रेष्ठले यस्ता समाजले सक्रिय र सचेत भएर समुदायको कला, संस्कृतिलाई बचाउन सक्नुपर्छ भन्ने धारणा राख्नुभएको हो।

"संस्कृति र सभ्यताको संरक्षण गर्ने काममा जातीय समाजको ठूलो भूमिका हुन्छ, यस्ता समाजले सक्रिय र सचेत भएर समुदायको कला, संस्कृतिलाई बचाउन सक्नुपर्छ। समाजले सामाजिक उत्तरदायित्व निर्वाह गर्न महत्त्वपूर्ण भूमिका खेलोस् भन्न चाहान्छु" श्रेष्ठले भन्नुभयो।

उहाँले राज्यको प्रशासनिक नेतृत्व गर्दै सामाजिक सुरक्षा, समृद्धिका लागि प्रशासनीक काम गर्न आएको हौ भन्दै नागरिक समाज र प्रशासनबीच भाइचारा र नजिकको सम्बन्ध आवश्यक हुने बताउनु भयो। सदैव नागरिकको साथ र सहयोगमा रचनात्मक काम गर्न तत्पर छौं भन्दै परम्परा, रितिरिवाजलाई धान्दै नयाँ काम गरेर समाजलाई अग्रगतिमा लैजान सहकार्य गर्न समुदायसंग मिलेर काम गर्ने प्रतिबद्धता जनाउनु भयो।

ललितपुरका प्रहरी प्रमुख बरिष्ठ प्रहरी उपरीक्षक शेखर खनालले प्रहरी पनि यही समाजको व्यक्ति हो भन्दै प्रभावकारी रुपमा काम गर्दै शान्ति सूरक्षाका लागि हरदम क्रियाशील रहने बताउनु भयो।

"प्रहरीलाई सदैव समाजको आवश्यकता पर्छीअपराधिक क्रियाकलापहरु रोक्ने हाम्रो उद्देश्य हो,अपधाररहित र भय मुक्त समाज निर्माण गर्ने अभियानमा छौं" खनालले भन्नुभयो।

यल नेवा समाजका उपाध्यक्ष न्हुच्छेबहादुर नेमकुलले पाटनका १९ वटा जातीय समाजलाई एकै ठाउँमा जोडेर परम्परागत संस्कृतिको जगेर्ना गर्न, सामाजिक अस्तित्व र सद्भाव कायम गर्नेलगायतका काम गर्न आवश्यक महसुस भएर यल नेवा समाज गठन भएको बताउनु भयो।

ताम्रकार समाजका अध्यक्ष विनोद ताम्रकारले समाजले शिक्षा र स्वास्थ्यका साथै कुलदेवता मन्दिर उग्रचण्डीमाईको संरक्षण, जेष्ठ नागरिकहरुलाई तिर्थाटन गराउने, धार्मिक गतिविधिहरुमा सहभागी गराउने लगायतका कामहरू गर्दै आइरहेको बताउनु भयो।

शहीद शुक्रराज शास्त्री जोशीको योगदानको चर्चा

• **मेरो संवाददाता**

काठमाडौं/हलिं नेवाः दबूको आयोजनामा यही माघ माघ १० गते शुक्रवार जूम प्रविधिको प्रयोग गरी हीद शुक्रराज शास्त्री जोशीको नेपालभाषामा योगदान विषयक विशेष कार्यक्रम आयोजना गरिएको छ।

दबूका केन्द्रीय अध्यक्ष संयुक्त श्रेष्ठले शुक्रराज जोशीको तस्वीरमा दीप प्रज्वलन गरी स्वागत गर्नुहुँदै कार्यक्रम सुरु गर्नुभएको थियो।

कार्यक्रममा प्रा प्रेमशान्ति तुलाधरले शुक्रराज जोशीले नेपालभाषा क्षेत्रमा दिनुभएको योगदान विषयमा चर्चा गर्नुभएको थियो। शुक्रराज शास्त्रीले गहनरुपमा नेपालभाषा ब्याकरण लेख्नुहुने नेपालभाषाको पहिलो व्याकरणविद भएको बताउनु भयो। शास्त्रीले नेपालभाषा बाल साहित्यमा पनि महत्वपूर्ण योगदान दिनुभएको पनि बताउनु भयो।

कार्यक्रममा सांसद शैलेन्द्र वज्राचार्यले शहीद शुक्रराज जोशीका साथै सो समयका चार महान शहीदहरुले निस्वार्थ भावनाले देशका लागि जीवन वलिदान दिनुभएको कुरा बताउनु भयो। उहाँले उहाँहरु जस्ता देशभक्त शहीदहरुलाई आजको युवा पुस्ताले चिन्न नसकेको तर उहाँहरुबाट प्रेरणा लिएर युवा पुस्ता अगाडि बढ्नु पर्ने बताउनु भयो।

यसैगरी शहीद जोशीको परिवारका सदस्य आनन्दराज जोशीले शहीद शुक्रराज शास्त्रीकी बहिनी चन्द्रकान्ता मल्लले आफ्नो दाजुकै प्रेरणामा नेपालकै पहिलो कन्या स्कूल खोलेर शिक्षा विकासमा महत्वपूर्ण योगदान दिनुभएको बताउनु भयो।

लोककवि एवम् हलिं नेवाः दबूका साहित्यिक एम्बेसडर राजभाइ जकःमिले शहीद शुक्रराजको बारेमा कविता वाचन गर्नुहुँदै शुक्रराज शास्त्री जोशी नेपालभाषाका महारथी भएको बताउनुभयो। सिल्भिया राजोपाध्यायले संचालन गर्नुभएको कार्यक्रम दबूका केन्द्रीय सदस्य डा. नरेश शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१

यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

शाक्यलाई न्याय दिलाउन संघर्ष समिति गठन

• **मेरो संवाददाता**

ललितपुर/स्वीमिङ्ग पुलमा करेन्ट लागेर कोमामा पुगेका सजिलमान शाक्यलाई न्याय दिलाउनका लागि आइतवार एक संघर्ष समिति गठन गरिएको छ।

हिरण्य वर्ण महाबिहारमा बसेको बृहत् भेलाले ललितपुर महानगरपालिका वडा नं.३ पुल्चोक स्थित स्क्वायर होटलको लापरबाहीको कारणले भएको घटनामा पीडित शाक्यलाई न्याय दिलाउनको लागि बौद्ध बिहार संघ, यलको संयोजनमा ललितपुरका २१ जातिय समाज र हिरण्यबर्ण महाबिहार सुधार समिति सदस्य रहेको संघर्ष समिति गठन गरिएको जानकारी प्राप्त भएको छ।

गत भदौ १५ गते स्वीमिङ्ग खेल्नका लागि होटल स्क्वायर पुगेका शाक्य पुलमा पानी तताउनका लागि राखिएको उपकरणमा विद्युत शट हुन पुग्दा कोमामा पुगेका थिए। होटलबाट तत्काल मेडिसिटी अस्पताल पुऱ्याइएको भए पनि उपचारमा कुनै सुधार नभएको कारणले हाल उहाँलाई घरमा नै राखेर उपचार गराउँदै आएको पारिवारिक श्रोतले जनाएको छ।

घटना भएको ४ महिनासम्म पनि प्रहरीले घटनाको जाहेरी दर्ता गर्न नमानेको र अस्पताल प्रशासन समेत होटलसँग मिलेमतोमा रहेको परिवारको आरोप रहेको छ।

छोरी र पत्नीसँगै रमाइलो गर्न होटल पुगेका शाक्यको जीवन रक्षा र क्षतिपूर्तिको माग गर्दै सरकारी वकिलमार्फत् परिवारले अहिले मुद्दा दर्ता गराएको छ। यस क्रममा अदालतको आदेशमा होटलका संचालक ललिता देवकोटा भण्डारी पक्राउ परेका छन् भने अर्का संचालक रोमी अर्याल भने हाल फरार रहेको प्रहरीले जनाएको छ।

शाक्यले न्याय पाउनु पर्ने भन्दै जनस्तरमा यसअघि पनि विभिन्न कार्यक्रमहरु चलाइँदै आएको थियो। अहिले ललितपुरमा सक्रिय जातीय संघसंस्थाहरुले यस घटनालाई लिएर गम्भीरताका साथ अगाडि बढ्न संघर्ष समिति गठन गरेको हो।

शाक्यको उपचारका क्रममा ६० लाख भन्दा बढी खर्च भइसकेको तर उहाँको स्वास्थ्य सुधारको कुनै संकेत नदेखिएको परिवारजनले बताएको छ।

मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

➢ *मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक व्युझने समस्या देखिन सक्छ,*
➢ *मोवाइलको लतले बालबालिकाको मष्तिष्क विकासमा नै असर पुर्याउन सक्छ,*
➢ *मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,*
➢ *यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,*
➢ *उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,*
➢ *अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालवालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड